हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झनझने, सिन्धुली

बागमती प्रदेश, नेपाल

## वार्षिक प्रगति समीक्षा प्रतिवेदन (आर्थिक वर्ष २०८२/०८३)

## १. परिचय तथा पृष्ठभूमि

नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गठित हरिहरपुरगढी गाउँपालिका सिन्धुली जिल्लाको पश्चिमी क्षेत्रमा अवस्थित ऐतिहासिक, प्राकृतिक तथा सांस्कृतिक रूपमा समृद्ध स्थानीय तह हो। कुल ३४३.९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस गाउँपालिकामा ८ वटा वडाहरू रहेका छन्। आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाका विभिन्न विषयगत शाखाहरूबाट सम्पादन गरिएका वार्षिक नीति, कार्यक्रम, बजेट तथा योजनाहरूको कार्यान्वयन अवस्था, हासिल भएका उपलब्धिहरू, देखिएका समस्या/चुनौतीहरू र आगामी दिशाको एकीकृत समीक्षा गरी यो वार्षिक प्रतिवेदन तयार पारिएको छ।

## २. विषयगत शाखाहरूको प्रगति तथा उपलब्धि विवरण

### क) शिक्षा, युवा तथा खेलकुद शाखा

- **क्षेत्रगत विवरण:**
  - गाउँपालिकाभित्र कुल सामुदायिक र संस्थागत गरी विभिन्न तहका विद्यालयहरू, ECD/बालविकास केन्द्र र सामुदायिक सिकाइ केन्द्र (CLC) सञ्चालनमा रहेका छन्।
  - **शिक्षक तथा कर्मचारी:** स्वीकृत, राहत, अनुदान तथा पालिका अनुदान गरी कुल ३४० जना शिक्षक तथा कर्मचारीहरू कार्यरत रहेका छन्।
  - **विद्यार्थी सङ्ख्या:** शैक्षिक सत्र २०८२ मा ६,१०७ विद्यार्थी रहेकोमा शैक्षिक सत्र २०८३ मा ५,७२५ विद्यार्थी अध्ययनरत रहेका छन्।
- **वित्तीय प्रगति:**
  - कुल बिनियोजित बजेट: रु. २४,४०,३८,२३२/-
  - खर्च रकम: रु. २०,३३,३०,४७०/- (वित्तीय प्रगति: **८३.३२%**)

- **शैक्षिक नतिजा/उपलब्धिः**
  - **SEE परीक्षा २०८२ः** २०७ जना सहभागी विद्यार्थीमध्ये १९२ जना उत्तीर्ण भई **९२.८%** नतिजा हासिल भएको छ।
  - **कक्षा ८ को नतिजाः** ३८६ जना सहभागी विद्यार्थीमध्ये १८५ जना उत्तीर्ण (Graded % **६२.७१%**) भएका छन्।
- **मुख्य सम्पादित कार्यहरूः**
  - पालिका स्तरीय छैटौं राष्ट्रपति रनिङशिल्ड तथा अध्यक्ष कप फुटबल प्रतियोगिता सञ्चालन।
  - कक्षा ८ र १० का अंग्रेजी, गणित र विज्ञान विषयको अतिरिक्त कक्षा सञ्चालन।
  - पालिकाको आफ्नै खर्चमा २ वटा आवासीय विद्यालय सञ्चालन तथा ५ वर्षे गाउँ शिक्षा योजना (आ.व. २०८३/०८४ देखि लागू हुने) निर्माण सम्पन्न।
  - प्रथम विज्ञान प्रदर्शनी मेला आयोजना र विद्यालयहरूलाई १ करोड ६५ लाख बराबरको ICT सामग्री तथा फर्निचर वितरण।

## ख) पूर्वाधार विकास शाखा

- **योजना व्यवस्थापनः**
  - कुल ठेक्का + कोटेसन/उपभोक्ता समिति मार्फत **२३४** वटा योजनाहरू व्यवस्थापन/सञ्चालन गरिएका छन्।
  - १५ शैयाको अस्पताल निर्माण कार्य (६०% भौतिक प्रगति हासिल) जारी रहेको छ।
- **मुख्य-मुख्य निर्माण/स्तरोन्नति कार्यहरूः**
  - झनझने–श्रीपुर सहरी सडक कालोपत्रे (४५० मि.) सञ्चालन गरी पालिकाको पहिलो कालोपत्रे सडक निर्माण गरिएको।
  - २५०० मि. सडक ढलान तथा स्तरोन्नति कार्य, कल्भर्ट निर्माण, सिँचाइ इनार, नदी नियन्त्रण, खानेपानी धारा र प्रतिक्षालय निर्माण सम्पन्न।
  - वडा नं. १ कोक्टि र चिसापानी डाँडामा विद्यालय भवनहरू निर्माण गरिएका।

## ग) राजस्व शाखा

- **आय-व्यय तथा असुली स्थितिः**
  - **आन्तरिक आयः** लक्ष्य रु. १,११,०२,४३२/- राखिएकोमा रु. १,७६,३९,६३३.०७ असुली भई **१५८.८८%** (लक्ष्यभन्दा बढी) प्रगति हासिल भएको छ।
  - **दहत्तर बहत्तर (नदीजन्य शुल्क)ः** लक्ष्य रु. ३,५९,२५,२३२/- मा रु. ६५,९६,५९२.७७ मात्र संकलन भई **१८.३६%** प्रगति भएको छ।
  - **कुल राजस्व सङ्कलनः** रु. २,४२,३६,२२५.८४ (**५१.५३%**) संकलन भएको छ।
- **सङ्कलन केन्द्र अनुसार दायराः**
  - गाउँ कार्यपालिका कार्यालयबाट रु. २,१५,९५,१४८.९०
  - ८ वटै वडा कार्यालयहरूबाट रु. २५,६७,८७६.०४
  - प्रशासनिक इकाइ (पानतले) बाट रु. ७३,२००.००

## घ) सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा

- **सामाजिक सुरक्षा भत्ता वितरणः**
  - विभिन्न लक्षित वर्गहरू (ज्येष्ठ नागरिक, दलित, एकल महिला, विधवा, पूर्ण/अति अशक्त अपाङ्गता, दलित बालबालिका) गरी चौथो त्रैमासिकसम्म कुल **८,३८,२७,७३४/-** रुपैयाँ भत्ता रकम वितरण गरिएको छ।
- **व्यक्तिगत घटना दर्ता विवरणः**
  - वर्षभरिमा कुल जन्मः ९७४ (पुरुष ५१५, महिला ४५९), मृत्युः १९२, विवाहः ३८५, सम्बन्ध विच्छेदः ३९, बसाइँसराइ दर्ताः ४४१ र बसाइँसराई दर्ता (अन्य) गरी विविध घटना दर्ता सम्पादन गरिएको छ।

## ङ) महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा बहुक्षेत्रीय पोषण शाखा

- **बजेट तथा खर्च अवस्थाः**
  - बहुक्षेत्रीय पोषणतर्फ बिनियोजित रु. ४० लाख बजेटमा रु. २५,६५,७००/- खर्च भई **६४.१४%** वित्तीय प्रगति भएको छ।
  - महिला तथा बालबालिका शाखातर्फ विनियोजित रु. १२,९६,०००/- बजेटमध्ये रु. ११,२४,०००/- खर्च भएको छ।

- **मुख्य सम्पादित कार्यहरू तथा उपलब्धिहरूः**
    - तीज विशेष कार्यक्रम, लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान र बालविवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम आयोजना।
    - अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्ग परिचयपत्र वितरण तथा सि.बि.आर (CBR) कार्यक्रम सञ्चालन।
    - बाबु-आमाविहीन बालबालिका संरक्षण कार्यक्रम सञ्चालन।
    - वडा नं. ४ मा बालमैत्री स्थानीय तह घोषणा सम्बन्धी स्थिति पत्र तयार तथा घरधुरी सर्वेक्षण सम्पन्न।
    - सुनौला हजार दिनका २५ जना विपन्न आमाहरूलाई आयआर्जन अनुदान, बीउबिजन वितरण र वडा नं. ४ चायचुटीमा डस्टबिन/फिल्टर वितरण गरी "पोषणमैत्री नमुना गाउँ/टोल" निर्माण कार्य सञ्चालन।

### च) कानून उपशाखा तथा न्यायिक समिति Secretariat

- **कानून निर्माण तथा संशोधनः**
    - समीक्षा अवधिमा **६ वटा ऐन, १ नियमावली, २२ कार्यविधि, १ निर्देशिका, २ मापदण्ड** निर्माण र विभिन्न संशोधन गरी कुल **३६ वटा** कानूनी दस्तावेज पारित/संशोधन गरिएको छ।
    - मुख्य कानुनहरूमाः मदिरा नियन्त्रण तथा नियमन ऐन २०८२, भू-उपयोग कार्यविधि २०८२, आर्थिक ऐन २०८३, विनियोजन ऐन २०८३, सार्वजनिक जग्गा संरक्षण ऐन २०८३ आदि।
- **न्याय सम्पादन तथा उजुरी फर्छ्यौटः**
    - न्यायिक समितिमा दर्ता भएका ३१ वटा विवादहरूमध्ये २९ वटा मेलमिलाप तथा निर्णय प्रक्रियाबाट निरूपण गरिएका र २ वटा विवाद प्रक्रियामा रहेका छन्।
    - न्यायिक समितिको सेवा पारदर्शी र छरितो बनाउन Judicial Committee Software खरिद तथा प्रयोगमा ल्याइएको।

## छ) प्रशासन शाखा

- **कर्मचारी दरबन्दी तथा जनशक्तिः**
    - स्वीकृत दरबन्दी १२० रहेकोमा स्थायी २३, करार ६९ र ज्यालादारी ५० गरी कुल कार्यरत् रहेका छन्।
    - गाउँप्रहरी प्रहरी ११ जना (निरीक्षक १, हवल्दार १, जवान ९) परिचालन गरिएको छ।
    - ८ वटा स्वास्थ्य संस्था (४ स्वास्थ्य चौकी र ४ आधारभूत स्वास्थ्य केन्द्र) मा ६० दरबन्दीमध्ये ५८ पदपूर्ति भई स्वास्थ्य सेवा प्रवाह भइरहेको छ।
- **प्रशासनिक सुधारः**
    - गाउँपालिका, वडा र स्वास्थ्य संस्थाहरूमा अनिवार्य **ई-हाजिरी (Online Attendance)** सञ्चालन गरिएको।
    - कर्मचारीको फिल्ड परिचालनका लागि "लगबुक" र जिन्सी व्यवस्थापनमा **PAMS V2** पूर्ण रूपमा कार्यान्वयनमा ल्याइएको।
    - गाउँपालिकाको **LGPAS नतिजा ६५.७** अङ्क कायम भएको छ।

## ज) लघु उद्यम विकास शाखा (MEDPA)

- **बजेट तथा कार्यक्रम मोडलः**
    - नयाँ उद्यमी सिर्जना बजेट रु. ३.३६ लाख (१००% खर्च), पुरानो उद्यमी स्तरोन्नति बजेट रु. ७० हजार (९४.६३% खर्च), र रुग्ण उद्यमी पुनःसक्रियता बजेट रु. १.४० लाख (७९.१४% खर्च) भएको छ।
- **मुख्य उपलब्धिलाई हेर्दाः**
    - वडा नं. ४ मा लक्षित गरी सहभागितात्मक ग्रामीण लेखाजोखा (PRA) तथा घरधुरी सर्वेक्षण सम्पन्न।
    - **१६ जना नयाँ उद्यमी** (महिला १२, पुरुष ४; दलित १, जनजाति १५) सिर्जना गरी प्रविधि हस्तान्तरण (मोटर पम्प १६ थान, पाइप २४ रोल) गरिएको।
    - पुराना ११ जना तरकारी खेती उद्यमीहरूलाई २०% लागत साझेदारीमा प्लाष्टिक टनेल ११ थान र स्प्रे टयाङ्की १ थान हस्तान्तरण गरिएको।

### झ) आर्थिक विकास (कृषि, पशु तथा बजार अनुगमन) शाखा

- **कृषि तथा पशुपालन प्रवर्धनः**
  - तरकारी बिउ/बेर्ना वितरण, नदी किनारा तरकारी खेती प्रवर्धन, मकैबाली तथा सुन्तलाजात फलफूल पकेट विकास कार्यक्रम सञ्चालन गरिएको।
  - हाते ट्र्याक्टर, प्लाष्टिक टनेल, आलुको बिउ र फलफूलका बिरुवा वितरण गरी उत्कृष्ट कृषकहरूलाई सम्मान गरिएको।
- **व्यावसायिक दर्ता, अनुगमन तथा नियमनः**
  - बजार अनुगमन तथा सहकारी संस्थाहरूको अनुगमन गरी रासायनिक मलमा तोकिएको मूल्यभन्दा बढी लिने सहकारीलाई जिल्ला प्रशासन कार्यालयसमक्ष मुचुल्कासहित कारबाही सिफारिश गरिएको।
  - "घ" वर्गका निर्माण व्यवसाय दर्ता (२१ दर्तामध्ये ११ नविकरण) तथा व्यवसाय दर्ता/खारेजी प्रक्रिया सञ्चालन (आ.व. २०८२/८३ मा ४२ वटा व्यवसाय बन्द)।

## ३. प्रमुख समस्या तथा चुनौतीहरू

१. **भौतिक पूर्वाधार तथा प्राविधिक दायराः** विकट भौगोलिक अवस्थिति, सडक पहुँचमा कठिनाइ र भवन अभावका कारण जिन्सी तथा कार्यालय व्यवस्थापनमा जटिलता।

२. **राजस्व सङ्कलनः** नदीजन्य पदार्थ (दहत्तर-बहत्तर) ठेक्का व्यवस्थापनमा वातावरणीय प्रक्रिया (IEE/EIA) समयमा पूरा नहुँदा आन्तरिक आय लक्ष्यभन्दा कम हुनु।

३. **शैक्षिक स्तर तथा सिकाइ उपलब्धिः** विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षाकृत न्यून हुनु, ECD तथा प्रारम्भिक कक्षा व्यवस्थापन र ICT प्रविधिको पर्याप्त प्रयोग नहुनु।

४. **उद्यमशीलता तथा बजारीकरणः** व्यावसायिक योजनाको कमी, परम्परागत खेती/पशुपालनमा निर्भरता र उत्पादित वस्तु बिक्रीका लागि कृषि हाटबजारको अभाव।

५. **न्यायिक तथा प्रशासनिक कार्यः** न्याय सम्पादनका क्रममा म्याद तामेलीमा समस्या, निर्णयकर्ताहरूको समय व्यवस्थापन तथा वडास्तरमा प्रविधिको पूर्ण उपयोगमा ढिलाइ।

## ४. समस्या समाधानका उपायहरू तथा आगामी दिशानिर्देश

- **डिजिटल तथा पारदर्शी सुशासनः** सबै वडा तथा सेवा केन्द्रहरूमा ई-राजस्व (e-Revenue), अनलाइन क्युआर भुक्तानी र शतप्रतिशत ई-हाजिरी एवं विद्युतीय प्रणाली लागू गर्ने।
- **नदीजन्य स्रोतको समयमै ठेक्काः** दहत्तर बहत्तरको IEE/EIA वातावरणीय अध्ययन समयमै सम्पन्न गरी पारदर्शी टेन्डर आह्वान गर्ने।
- **शिक्षामा उपचारात्मक शिक्षणः** सिकाइ उपलब्धि बढाउन उपचारात्मक शिक्षण, शिक्षक क्षमता विकास तालिम र डिजिटल सिकाइ सामग्री विस्तार गर्ने।
- **बजारीकरण र हाटबजार व्यवस्थापनः** लघु उद्यमी तथा कृषकहरूका लागि कृषि हाटबजारको स्थापना, सहुलियत कर्जा सहजीकरण र प्रविधि हस्तान्तरण गर्ने।
- **कानूनी तथा न्यायिक सचेतनाः** वडा एवं टोल-टोलमा कानूनी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने र म्याद तामेलीका लागि गाउँ प्रहरी/कर्मचारीलाई तालिम प्रदान गर्ने।

*प्रतिवेदन तयार पार्ने शाखाः* **गाउँ कार्यपालिकाको कार्यालय, हरिहरपुरगढी गाउँपालिका, सिन्धुली**

आज मिति २०८३ साल भाद्र २३ गते मंगलबारका दिन यस हरिहरपुरगढी गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक समिक्षा कार्यक्रम गाउँपालिका सभाहलमा यसै गाउँपालिकाका अध्यक्ष श्री वज्रध्वज वाईबा ज्यूको सम् उपस्थितिमा देहाय बमोजिमका पदाधिकरी तथा कर्मचारीहरुको उपस्थितीमा सम्पन्न गरियो ।

## उपस्थिति

| | |
|---|---|
| श्री वज्रध्वज वाईवा | अध्यक्ष |
| श्री कृष्णहरि न्यौपाने | प्र.प्र. अधिकृत |
| श्री जित वहादुर थिङ | वडा अध्यक्ष |
| श्री विश्व राई | वडा अध्यक्ष |
| श्री कुल वहादुर भोलन | वडा अध्यक्ष |
| श्री कमल कुमार राई | वडा अध्यक्ष |
| श्री साईला लामा | वडा अध्यक्ष |
| श्री यक वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री विच वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री धन वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री सन्तली राई दनुवार | कार्यपालिका सदस्य |
| श्री मोहनकाजी विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री छलिमाया मुक्तान | कार्यपालिका सदस्य |
| श्री दुर्गामाया विक | कार्यपालिका सदस्य |
| श्री सोमीमाया रानामगर | कार्यपालिका सदस्य |
| श्री दिल कुमारी कामी | कार्यपालिका सदस्य |

ACU Never Stop Learning...

CamScanner

| | |
|---|---|
| श्री ई. मिलन श्रेष्ठ | सूचना प्रविधि अधिकृत |
| श्री ई. मनिराज श्रेष्ठ | ईन्जिनियर |
| श्री किरण राई | अधिकृत छैठौं |
| श्री रामेश्वर पुडासैनी | सहायक वि.नि. |
| श्री मनोज कुमार सुयाल | सि.अ.हे.व |
| श्री प्रवेश देवकोटा | कृषि अधिकृत |
| श्री महेश कुमार राई | रोजगार संयोजक |
| श्री अनमोल हजार | लेखापाल |
| श्री गोविन्द मण्डल | पशु प्राविधिक |
| श्री चित्र बहादुर वि.क. | मनोसामाजिक परामर्शकर्ता |
| श्री लोक बहादुर गोले | न्यायिक सहजकर्ता |
| श्री राजु कुमार उप्रेती | योजना शाखा |
| श्री यम कुमार आछामे | शैक्षिक सहजकर्ता |
| श्री पोष्ट राज वि.क. | S.E.D.F. |
| श्री संगिता डिम्दोङ | राशजश्व शाखा |
| श्री निर्मला मंग्राती | महिला बालबालिका शखा |
| श्री विर बहादुर भोलन | वडा सचिव वडा नं. १ |
| श्री रुपक कुमार राई | वडा सचिव वडा नं.२ |
| श्री समिक्षा कोइराला | वडा सचिव वडा नं. ३ |
| श्री सलिना मगर | वडा सचिव वडा नं. ४ |
| श्री टंक माया खपाङ्गी | वडा सचिव वडा नं. ५ |



CamScanner

| | |
|---|---|
| श्री प्रकास खत्री | वडा सचिव वडा नं. ६ |
| श्री सुरेश मोक्तान | वडा सचिव वडा नं. ७ |
| श्री दिपेन्द्र बहादुर माझी | वडा सचिव वडा नं. ८ |
| विश्वराज थापामगर | पूर्वाधार विकास शाखा |
| सन्जु राई | एम.आई.एस अपरेटर |
| आदित्य राई | सहायक कम्प्युटर अपरेटर |
| रामशरण श्रेष्ठ | विद्युतिय प्राविधिक |



CamScanner